# पाटनको भीमसेन जात्रा पूजामा सीमित



**ललितपुर/मस**–ललितपुर पाटन दरबार क्षेत्र मङ्गलबजारमा अवस्थित भीमसेनको जात्रा पूजामा मात्र सीमित गरिने भएको छ । हरेक वर्ष भाद्र कृष्ण नवमीका दिन भीमसेनको खटजात्रा हुने भएसँगै मुलुकमा दिनानुदिन बढ्दै गइरहेको कोरोना महामारीलाई ध्यानमा राखी सो पूर्ण विधि नगरिने निर्णय भएको हो । भीमसेनको पूजा विधिपूर्वक गर्ने तर चल्दै आएको परम्परा अनुसार राति खटजात्रा नगरिने मङ्गलटोल सुधार सङ्घका अध्यक्ष किरणमान प्रधानले बताए

उनका अनुसार ललितपुरमा मच्छिन्द्रनाथको जात्रापछि भीमसेनको खटजात्रालाई दोस्रो ठूलो पर्वका रूपमा मनाउने गरिन्छ । उनले भने, 'सो जात्राका दिन भीमसेनको सानो मूर्तिलाई मन्दिरबाट निकालेर चित्रकारले बिहान सफा गर्छन् । सफा गरिएको मूर्तिलाई पूजारीले विधिपूर्वक पूजा गरी जीवन्यास गरेपछि खटजात्रा सुरु नभएसम्म दिनभरि सर्वसाधारणलाई पूजा अनि दर्शन गर्न दिइन्छ ।' राति भएपछि सोही मूर्तिलाई खटमा बोकेर नगर परिक्रमा गर्ने चलन रहेको प्रधानले जानकारी गराए । मुलुकमा कोभिड भित्रनु दुई वर्षअघि भीमसेनलाई मङ्गलबजार हुँदै सुन्धारा, ओकुबहाल, हगोल, पूर्णचण्डी, गाबाहाल अनि बङ्गलामुखी नगरपरिक्रमा गराएर पुनः मङ्गलबजार मन्दिरमा राति ल्याएर नित्य पूजा गरी राखिने गरिएको सङ्घका महासचिव वीरेन्द्रलाल श्रेष्ठले बताए ।

उनले भने, 'भीमसेनलाई घुमाएर मन्दिरमा ल्याएपछि हाँसको बलि दिने चलन छ ।'

जात्रामा काठमाडौं उपत्यकाका तीनै सहरका साथै दोलखाका व्यापारीसमेत भीमसेनको आरधना गर्न पाटन आउने गरेका श्रेष्ठको भनाइ छ । भीमसेनको उपासना गर्नाले श्रीवृद्धि हुने मान्यताका साथ प्रत्येक वर्ष ललितपुर उद्योग वाणिज्य संघबाट पूजा गर्न जाने चलन रहेकाले त्यसको तयारी भइरहेको निवर्तमान अध्यक्ष कृष्णलाल महर्जनले बताए ।

भीमसेनलाई सुगन्धमय धूपका साथै लड्डु र पेडा मन पर्छ । सो वस्तु मन पर्ने भएकाले अर्पण गरी 'भीमसेन महाराजकी जय' भन्दै जयजयकारसहित पूजा अनि नगरपरिक्रमा गराउने चलन रहेपनि रोगका कारण संस्कृति मासिने डर भएको पाटनका शोभा महर्जनको बुझाइ छ । तीन तले प्यागोडा शैलीमा रहेको भीमसेन मन्दिर विसं २०७२ वैशाख १२ को विनाशकारी भूकम्प र पटकपटक आएको पराकम्पनका कारण माथिल्लो तलाको गारो थाम्ने थाम, दलिन र बिम भाँच्चिएर भित्तासमेत चिराचिरा भएपछि हाल पुनःनिर्माणको अन्तिम चरणमा पुगेको छ ।

भीमसेन मन्दिर रहेको पाटन दरबार क्षेत्रलाई युनेस्कोले विश्व सम्पदा क्षेत्रमा घोषणा गर्नाका साथै विश्व हस्तकला परिषद्ले ३५औं कला नगरीसमेत घोषणा गरिसकेको छ । भीमसेन मन्दिर पाटनको सबैभन्दा महत्वपूर्ण क्षेत्र दरबार स्क्वायर परिसरमा रहेको छ ।

# स्थानीय सरकारको लगानी खोलामा

**मनाङ/मस**–मनाङका स्थानीय तहले शैक्षिक क्षेत्रको विकासका लागि चार वर्षदेखि गरेको लगानी खोलामा बगेको छ ।

देशमा सङ्घीयता आएपछि मनाङको स्थानीय सरकारले शैक्षिक गुणस्तर सुधार र वृद्धिका लागि गरेको लगानी एकै दिनको बाढीले सकिएको छ ।

मनाङको शैक्षिक गुणस्तर खस्किँदै गएको अवस्थामा सङ्घीयता आएपछि स्थानीय सरकारले प्राथमिकताका साथ शैक्षिक सुधारका लागि योजनाबद्ध रूपमा विकासका योजना ल्याएका थिए । केही प्रगति पनि भएको थियो । पछिल्लो प्रकोपले गर्दा भौतिक संरचनामा क्षति पुऱ्याएको र स्थानीय तहको लगानी खेर गएको छ ।

विद्यार्थी सङ्ख्या कम हुँदा विद्यालयहरूलाई एकापसमा गाभेर शैक्षिकस्तर वृद्धि गरिएको थियो । स्थानीय तहले शैक्षिक क्षेत्रमा ठूलो लगानी गरेकामा अहिले बाढीपहिराले सबै नाश गरेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताए ।


## कतारमा रोजगार | कम्पनी : INTEGRATED SECURITY SYSTEMS
शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२१७७ LT. No.: 244770

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tech | 5 | 0 | स. काममा दक्ष | 1300 | ४१,१५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

luna HR Solutions
Govt. Lic. No. 799/065/066
Luna HR Solutions Pvt. Ltd.
Bhimsengola-34, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com



## कतारमा रोजगार | कम्पनीः ARABILLA TRADING & CONTRACTING CO WLL
शहर :QATAR

पूर्व स्वीकृत मितिः २०७८/०५/१५ चलानी नं.: ६०१६२२०८ LT. No.:244709

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 4 | 0 | | 1000 | ३१,६६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (08 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोनः ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com



## साउदीमा रोजगार | कम्पनी : THE FIRST KONAFA ON THE COALS FOR SWEETS
शहर:SAUDI

पूर्व स्वीकृत मितिः२०७८/04/13 चलानी नं.:६०१६०८५५ LT. No.:242912 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sweets Maker | 1 | 0 | स. काममा दक्ष | 1400 | ४३,६३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ २३ गते (8 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
नाशा ह्यूमन रिसोर्स प्रा. लि.
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोनः ०१- ४३७९६७७ मोः९८६९०७८९२८


## Invitation for Bids

# KAMALAMAI MUNICIPALITY
# OFFICE OF THE MUNICIPAL EXECUTIVE

SINDHULI

Bagmati Province, Nepal

## Invitation for e-Bids for the works specified in the table here under

**Date of publication: 1st September 2021**

1. **Kamalamai Municipality, Office of The Municipal Executive** invites electronic bids from Nepalese eligible bidders for the construction of **works specified in the table herewith under** National Competitive Bidding procedures. The estimated amounts for the works are as **stated in the table here with.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically only, should deposit the cost Nrs. 3,000.00 (Nrs. Three Thousands) non-refundable of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Sindhuli
   Name of Office: Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli
   Office Account no.: 1060100301010003
4. Pre-bid meeting shall be held at **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli** at **15th September 2021.**
5. Electronic bids must be submitted to the office **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli** by PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 P.M.** on **1st October 2021**.
6. The electronics bids will be opened in the presence of Bidders' representatives who choose to attend at **1:00 P.M.** on **1st October 2021** at the office of **Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli.** Bids must be valid for a period of **90 Days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **as specified in the table herewith**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract Identification No. | Name of Works | Estimated amount excluding VAT, P.S, Contimgencies (NRs.) | e-Bid security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Work/ NCB/07/078/079 | Office Building Construction Work, Kamalamai Municipality, Office of The Municipal Executive, Sindhuli | 3,056,089.97 | 95,000.00 |

**Chief Administrative Officer**

लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**कल्याण-६, सुर्खेत**

**कर्णाली प्रदेश, नेपाल**

## आ.व. २०७८/०७९ को नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०७८/०५/१६ गते)**

यस लेकवेशी नगरपालिका नगरकार्यपालिकाको मिति २०७८/०४/१२ गतेको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७८/०७९ को लागि बोलपत्रद्वारा गराउन पर्ने भएकाले उक्त कार्यका लागि यो सूचना प्रकाशित गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क. को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी लेकवेशी नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक व्यक्ति, फर्म वा कम्पनीले बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बधित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस नगरपालिकाको सूचनापाटी, वेबसाइट www.lekhbeshimun.gov.np तथा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**तपशिल**

**ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदि प्राकृतिक स्रोतको उपयोगमा लिइने करको ठेक्का विवरण**

| सि.नं | सूचना नं/ बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन.मि) | न्यूनतम बोलपत्र र कम (सेवाशुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १. | 1-NCB/GOODS/ LM/2/078-079 | गमखोला र राते खोला क्षेत्रमा रहेको नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण कार्य | गम खोला =18,792<br>राते खोला =25,020<br>जम्मा =43,812 | 46,37,054.3 | कबुल अंकको ५ प्रतिशत | ३००० |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत प्राईम कमर्सियल बैंक, सुर्खेतमा रहेको यस कार्यालयको आन्तरिक ग.१.१ राजश्व खाता नं ०६१००४७४CA मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी मितिः २०७८/०५/३१ गते १२ बजेसम्म बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको https://bolpatra.gov.np/egp/ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ ।
२. बोलपत्र सम्बन्धी फारम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कवोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी हि.नं. (ग.३) ०६१००४८३ CA (धरौटी खाता) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय सरकार सञ्चालन ऐन २०७४, बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क श्रेणी बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरिएको विड वण्ड बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०७८/०५/३१ गतेको १२:०० बजेभित्र दर्ता गर्न सकिने छ ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको २०७८/०५/३१ दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै ठेकेदार वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदापछि कार्यालय खुलेको दिनमा गरिनेछ ।
६. नदीजन्य पदार्थहरु नदीलाई नै घाटगद्दी स्थल तोकी सोही निर्धारित स्थलबाटमात्र उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ ।
७. ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
८. म्याद नाघी, रीत नपुगी र/वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा खरिद प्रक्रिया रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोबस्त गरिनेछ ।
१०. ठेक्का अवधि २०७८ सालको सम्झौता मितिदेखि २०७९ सालको जेष्ठ मसान्तसम्म हुनेछ ।
११. तोकिएको स्थान र परिमाणको निर्माण सामग्रीहरु २०७९ जेष्ठ मसान्तसम्म उठाई सक्नुपर्नेछ । सो अवधि पश्चात मौज्दात प्रमाणित गरिने छैन र सम्झौता अवधि पश्चात कुनै प्रकारको स्टक मौज्दात देखिएमा नगरपालिकाले जफत गरी लिलामी बिक्री वितरण प्रक्रियामा लैजान बाधा पर्ने छैन ।
१२. यस नगरपालिकाको नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ घ (१), घ (२), र घ (६) मा भएको व्यवस्था, यस सम्बन्धी प्रचलित ऐन नियम, लेकवेशी नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन, २०७७ र लेकवेशी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७, नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) एवं नेपाल सरकारबाट भएका निर्देशनहरु, वा उल्लेखित प्रावधान विपरीत हुने गरी कार्य गर्न पाइने छैन ।
१३. साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछन् ।
१४. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
१५. बोलपत्र स्वीकृत भएपछि कवोल अंकको पुरै रकम प्राईम कमर्सियल बैंक कल्याण सुर्खेतमा रहेको विभाज्यकोष खाता नं. (ग.६.१) ०६१००४८६ CA, मा जम्मा गरेको सक्कल भौचर कार्यालयमा दाखिला भएपछि मात्र उक्त कार्यको सम्झौता गरी कार्यादेश/चलान पुर्जी दिइनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**